का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक १६
- २ फागुन २०७६, शुक्रबार
- 14 February 2020, Friday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# प्रचण्डको खुलासा

### 'गिरिजाप्रसाद कोइरालाले अझै ठूला आक्रमण गरिदिनुपर्‍यो, ठूल्ठूला फौजी आक्रमण गर्नुपर्‍यो, सदरमुकाम नै हान्नुपर्‍यो भनेर मलाई भन्नुहुन्थ्यो' : प्रचण्ड



**वीरेन्द्र साह/मध्यान्ह**
काठमाडौं, १ फागुन

सत्तारूढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले १२ बुँदे समझदारीका प्रमुख सूत्राधार तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले ठूला फौजी आक्रमण गर्न आग्रह गरेको खुलासा गरेका छन् । २५ औं 'जनयुद्ध' दिवसका अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रचण्डले यस्तो बताएका हुन् ।

'गिरिजाप्रसाद कोइरालाले अझै ठूला आक्रमण गरिदिनुपर्‍यो, ठूल्ठूला फौजी आक्रमण गर्नुपर्‍यो, सदरमुकाम नै हान्नुपर्‍यो भनेर मलाई भन्नुहुन्थ्यो, यही विचित्रको परिस्थितिको बलमा राजतन्त्र ढालेर गणतन्त्र संस्थागत गर्न सफल भएका हौं,' प्रचण्डले भने ।

त्यतिबेला गिरिजाप्रसाद कोइरालासँग आफ्नो दिनदिनै फोनमा कुरा हुने गरेको स्मरण गरेका र त्यसबाट बाक्लिएको सम्बन्धले राजतन्त्र ढाल्न भूमिका खेलेको उनको भनाइ छ ।

उनले नेपालको शान्ति प्रक्रिया विश्वमै मौलिक रहेको दाबी पनि उक्त अवसरमा दोहोर्‍याए । युद्धले ग्रसित धेरै मुलुकले शान्ति प्रक्रियामा आउन खोजे पनि उनीहरू सफल नभएको भन्दै प्रचण्डले प्रशन्नता व्यक्त गरे ।

आत्मप्रशंसामा अधिकांश समय खर्चिएका प्रचण्डले जनयुद्धमा कुशल नेतृत्व प्रदान गरेको दाबी पनि गरे । 'अर्को कुनै नेतृत्व हुन्थ्यो र अर्को कुनै विचार हुन्थ्यो भने शान्ति प्रक्रियामा आउन सम्भव थिएन, त्यो सजिलो कुरा थिएन,' प्रचण्डले कुशल नेतृत्व प्रदान गरेको दाबी गर्दै भने ।

टाउकोको मूल्य तोकेकै कारण पार्टीको नेतृत्वबाट परिवर्तन सम्भव भएको बताउँदै उनले धेरैले शान्ति सम्झौता हुन्छ भनेर नसोचेको विगत कोट्याए । प्रचण्डले भने, 'शान्ति सम्झौता होला भन्ने सोचेका थिएनन् धेरैले । शान्ति प्रक्रियामार्फत गणतन्त्रसम्म आइपुग्नु नेपाली जनताको सौभाग्यपूर्ण उपलब्धि हो ।'

**जनयुद्धको नक्कलले अहिले काम गर्दैन**

कार्यक्रममा प्रचण्डले माओवादी जनयुद्धको नक्कल अब सम्भव नभएको बताएका छन् । प्रचण्डले विप्लवलाई संकेत गर्दै फेरि पुरानै प्रकारको जनयुद्ध सम्भव नभएको उल्लेख गर्दै भने, 'केही साथीहरू जनयुद्धको नक्कल गर्न लाग्नु भयो, त्यो सम्भव छैन ।'

प्रचण्डले आफूहरूले समय र परिस्थितिको मूल्यांकन गर्दै जनयुद्ध रोकेर शान्ति प्रक्रियामा आएको बताए । सोही अवस्थामा जनयुद्ध अगाडि बढाएको भए थप क्षति व्यहोर्नुपर्ने निष्कर्ष प्रचण्डले सुनाए । उनले भने, 'जनयुद्धलाई थप अगाडि बढाएको भए पेरुको गोञ्जालो र श्रीलंकाको लिट्टेजस्तो हालतमा पुगिन्थ्यो ।'

०७० को दोस्रो संविधानसभाको चुनावमा कमजोर भएपछि तत्कालीन एमाले र माओवादी केन्द्रबीच एकता गरिएको उनको भनाइ थियो। समाजवादको बाटोमा अगाडि बढ्न यो एकता अपरिहार्य भएको भनाइ प्रचण्डको छ ।

## कांग्रेसको आपत्ति

नेपाली कांग्रेसले आफ्ना पूर्वसभापति गिरिजाप्रसाद कोइरालालाई जोडेर सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी नेकपाका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले दिएको अभिव्यक्तिप्रति आपत्ति जनाएको छ । पार्टी प्रवक्ता विश्वप्रकाश शर्माले बिहीबार विज्ञप्ति निकालेर नेकपा अध्यक्ष प्रचण्डले दिएको विवादास्पद अभिव्यक्तिप्रति आपत्ति जनाएका हुन् । जनयुद्ध तथा जनआन्दोलनका सहिदको स्मृतिमा नेकपा पार्टी कार्यालय धुम्बाराहीमा बिहीबार विहान आयोजित कार्यक्रममा प्रचण्डले गिरिजाप्रसाद कोइरालाले 'सदरमुकाम हान्नुर्पयो' भनेर आग्रह गर्ने गरेको अभिव्यक्ति दिएका थिए । बाँकी पृष्ठ २ मा

## जनयुद्ध दिवस ओलीद्वारा बहिस्कार

**काठमाडौं/मस-** नेकपाभित्रका पूर्वमाओवादी खेमाका नेताले जनयुद्ध दिवस मनाइरहँदा सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले भने बहिस्कार गरेका छन् । गत वर्ष पार्टी एकतापछिको जनयुद्ध दिवसको कार्यक्रमलाई पनि उनले बहिस्कार गरेका थिए ।

बिहीबार पार्टी केन्द्रीय कार्यालय, धुम्बाराहीमा आयोजित जनयुद्ध दिवसमा प्रचण्डसँगै ओलीलाई पनि आमन्त्रण गरिएको थियो । नेकपा केन्द्रीय कार्यालयका सचिवद्वय श्रीराम ढकाल र ईश्वरी रिजालले जारी गरेको विज्ञप्तिमा अध्यक्षद्वय ओली र प्रचण्डको उपस्थितिमा पार्टी केन्द्रीय कार्यालय धुम्बराहीमा कार्यक्रम आयोजना हुने उल्लेख थियो ।तर, बिहीबार बिहान आयोजित कार्यक्रममा ओली सहभागी भएनन् । प्रचण्ड, उपाध्यक्ष वामदेव गौतम, गृहमन्त्री तथा सचिवालय सदस्य रामबहादुर थापा, महासचिव विष्णु बाँकी पृष्ठ २ मा

# ओली सरकारको दुई वर्ष

**अनुज शर्मा/मध्यान्ह**
काठमाडौं, १ फागुन



टिप्पणी

बहुदलीय व्यवस्था स्थापनाको तीन दशक नाघेको छ । राजा महेन्द्रले २०१५ सालको जननिर्वाचित सरकारलाई अपदस्थ गरी चलाएको पञ्चायत २०४६ को जनआन्दोलनले अन्त्य गरेको थियो । त्यसपछि मुलुकमा राणाशासनको निरङ्कुशता पछाडि २०१५ मा अभ्यास गरेकै जस्तो संसदीय अभ्यास शुरु भयो । २०४७ मा कृष्णप्रसाद भट्टराई नेतृत्वको अन्तरिम सरकार बन्यो र २०४८ मा संसदीय निर्वाचन सम्पन्न भयो । यो निर्वाचनले नेपाली काँग्रेसलाई बहुमत दिलायो, प्रधानमन्त्री बने गिरिजाप्रसाद कोइराला । उक्त सरकारले दुई वर्ष कार्यकाल पूरा गर्दै मध्यावधि निर्वाचन घोषणा गरेको थियो । तर, उक्त मध्यावधि निर्वाचनले मुलुकमा अस्थिर सरकारको बिजारोपण गरिदियो ।

२०५१ को मध्यावधि निर्वाचनले एमालेलाई ठूलो दल त बनायो, तर बहुमत पुगेन । एमाले नेतृत्वमा नौ महिने अल्पमतको सरकार बन्यो । यसपछि धेरै जसो सरकारले वर्ष दिन समेत कटाउन पाएनन् । एउटा सरकारले बजेट ल्याउने तर, कार्यान्वयन गर्ने बेला अर्कै अर्थमन्त्री हुने विडम्बना देशले भोगिरह्यो । ६ महिना, ९ महिना र वर्सेनि सरकार फेरिने शृङ्खला रोकिएन । २०६४ को पहिलो संविधानसभामा दश वर्ष युद्ध लडेको पार्टी नेकपा माओवादी ठूलो दल त बन्योस तर, संविधान निर्माण र शान्ति प्रक्रियाको एजेण्डा प्रमुख बनिरहँदा सरकार बन्ने र विघटन हुने क्रम चलिरह्यो । २०७० को दोस्रो संविधानसभाले कुनै पनि दललाई एकल सरकार बनाउने जनमत दिएन । अझ संविधान निर्माण गर्न दुई तिहाइ आवश्यक भएकाले संविधानका अन्तर्वस्तुलाई लिएर सरकार फेरिने क्रम चलिरह्यो । तर, २०७४ को निर्वाचनले भने नेपाल कम्युनिष्ट पार्टी (नेकपा) लाई बहुमत मात्रै नभएर झण्डै दुई तिहाइ नै दिएको छ ।

यो भारी बहुमतको जगमा केपी शर्मा ओली प्रधानमन्त्री निर्वाचित भएको पनि शनिबार दुई वर्ष पूरा हुँदैछ । यो वर्ष पुगेको अवसरमा प्रधानमन्त्री ओलीले आज (शुक्रबार) आफ्नो दुई वर्ष कार्यकालको प्रगती विवरण प्रस्तुत गर्दैछन् र स्वभाविक रुपमा यसअगाडिका सार्वजनिक मञ्चहरुमै भनेकै उपलब्धीको तथ्याङ्क प्रधानमन्त्रीले बाँकी पृष्ठ २ मा

# कुरूप पार्ने साढे ७ हजार होर्डिङबोर्ड हटे

**राजेश्वरी कार्की/मध्यान्ह**
काठमाडौं, १ फागुन



महानगरपालिकाले मापदण्डविपरीतका होडिङ बोर्ड हटाउने अभियान तीव्र पारेको छ । सहरी सौन्दर्यता जोगाउने भन्दै घोषणा गरिएको अभियान लामो समय सुस्ताए पनि महानगरपालिकाले अगाडि बढाएको हो ।

काठमाडौं महानगरपालिकाको सुन्दरता जोगाउन अभियानलाई तीव्रता दिइएको काठमाडौं महानगर प्रहरी प्रमुख धनपति सापकोटाले जानकारी दिए । गृह मन्त्रालयको गत पुस २१ को निर्देशनपछि महानगरपालिकाले आफ्नो क्षेत्रभित्रका पर्चा, पम्प्लेट, बोर्ड, होर्डिङबोर्ड हटाउन सुरु गरेको उनले बताए ।

महानगरपालिकाका अनुसार, अभियानअन्तर्गत महानगरपालिकाले ठूला आकारका ३७ थान बोर्ड हटाएको छ । त्यस्तै ७ हजार ८ सय २ थान साना बोर्डहरू पनि १ महिनाको अवधिमा हटाइएका छन् । घरको भित्ता, झ्याल ढाकेर राखिएका साना बोर्डहरू हटाइएको हो । अभियानअन्तर्गत एयरपोर्ट, नयाँ बानेश्वर, बिजुली बजार, माइतीघर, थापाथली, त्रिपुरेश्वरक्षेत्रका होर्डिङ बोर्ड हटाइएको महानगर प्रहरी प्रमुख धनपति सापकोटा बताउँछन् । त्यस्तै, सोल्टीमोड, महाराजगञ्ज, कृष्ण पाउरोटी, हात्तीसार, नागपोखरी, नारायणचौर, गैह्रीधारा, बालुवाटार हुँदै छाते ढुंगासम्म राखिएका नियमविपरीतका बोर्ड पनि महानगरपालिकाको सक्रियतापछि हटेका छन् ।

**लिलामीबाट ६ लाख आम्दानी, डिजिटल बोर्ड छिट्टै**

महानगरपालिका विज्ञापन बोर्ड तथा प्रचारप्रसार सामग्री नियमन नीति २०७० ले महानगर क्षेत्रका सार्वजनिक स्थानमा अनधिकृत रूपमा बोर्ड राख्न नपाइने उल्लेख छ । नीतिमा बिजुलीको पोल तथा सडकछेउको फलामे पोल तथा सिमेन्टको पोलमा व्यावसायिक तथा फ्रेमसहितको व्यानर राख्न पनि प्रतिबन्ध गरिएको छ ।

महानगरले नियमविपरीतका यस्ता सामग्री हटाएर आम्दानीसमेत गरेको छ। यद्यपि, विज्ञापन रकमको दाँजोमा यो निकै कम छ । महानगरपालिकाका अनुसार, लिलामीबाट गत आर्थिक वर्षमा ५ लाख ७ हजार रुपैयाँको राजस्व संकलन भएको छ । चालु आर्थिक वर्षमा भने लिलाम प्रक्रियाबाट ८६ हजार ५ सय रुपैयाँ संकलन भएको छ । होडिङ बोर्ड हटाएसँगै महानगरले अब डिजिटलबोर्ड राख्नेछ । डिजिटलबोर्ड राख्दा सहर सुन्दर देखिने भएकाले यो योजना अघि सारिएकोसापकोटाले बताए । यो अभियान यसै वर्षभित्र सुरु हुने सापकोटाको जानकारी दिए । 'होर्डिङबोर्ड हटाएपछि हामीले डिजिटल बोर्ड राख्ने योजना अघि सारेका छौं,' सापकोटाले भने, 'सम्भवतः यसै वर्षभित्रबाट यो सुरु हुनेछ ।'

# मलेसियाले तत्काल पाकिस्तानी सुरक्षागार्ड नलिने

**मध्यान्ह समाचारदाता**
काठमाडौं, १ फागुन

मलेसियाले तत्काल पाकिस्तानबाट सुरक्षागार्ड आपूर्ति नगर्ने भएको छ । मलेसियामा नेपाली सुरक्षागार्डको एकाधिकारको विषयलाई लिएर पाकिस्तानी पत्रिका दी नेसनलले मलेसियाका लागि पाकिस्तानी राजदूत अम्ना बलोचलाई उद्धृत गर्दै पाकिस्तानबाट पनि सुरक्षागार्ड लैजान तयारी भइरहेको समाचार प्रकाशमा आएपछि चिन्ता उत्पन्न भएको थियो ।

गतहप्ता पाकिस्तानी पत्रिका दी नेसनले मलेसियाका लागि पाकिस्तानी राजदूत अम्ना बलोचलाई उद्धृत गर्दै नेपालबाट मात्र सुरक्षागार्ड लैजाने मलेसियाले आफ्नो नीति परिवर्तन गरी पाकिस्तानबाट पनि सुरक्षागार्ड लैजाने तयारी गरेको बताएका थिए । तर, मलेसिया सरकारले तत्काल पाकिस्तानबाट सुरक्षाकर्मी आपूर्ति गर्ने कुनै तयारी रहेको प्रष्ट पारेको छ ।

मलेसियाको गृह मन्त्रालयले पाकिस्तानको दी नेसनमा आएको समाचारप्रति असहमति जनाउँदै मलेसियामा नेपालबाहेक अन्य देशबाट सुरक्षागार्ड ल्याउने निर्णय नभएको बताएको छ । मलेसियामा स्थानीय नागरिकहरूलाई नै सुरक्षागार्डको रोजगारीमा लगाउने योजनालाई भने उच्च प्राथमिकतामा राखिएको त्यहाँको गृह मन्त्रालयले जनाएको छ ।

मलेसियाको गृह मन्त्रालयले सन् २०१४ यता मलेसियाका १ लाख २० हजार ७ सय ६७ जना स्थानीय नागरिकलाई नै तालिम दिइएको बताएको छ । उक्त समाचार प्रति आफ्नो ध्यानाकर्षण भएको भन्दै त्यहाँको मलेसियन इम्प्लोयर फेडरेसनले त्यसको खण्डन गरेको थियो । मलेसियाका मानव संशाधन मन्त्री एम कुला सेगरनले पनि स्थानीय पत्रिकामा छापिएको १ लाख ५० हजार पाकिस्तान सुरक्षागार्ड मलेसिया आउने भन्ने समाचारबारे आफूलाई केही जानकारी नभएको बताएका छन् ।

आ.व. ०५४/५५ देखि मलेसियामा नेपाली कामदार जाने क्रम सुरु भएको हो । मलेसियाले दक्षिण एसियाका १४ मुलुकबाट कामदार लैजाने भएपनि सुरक्षागार्ड नेपालबाट मात्रै लैजाने गरेको छ। तर तत्कालीन श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोकर्ण बिष्टको कार्यकालमा नेपालले एकपक्षीय रूपमा १७ महिनासम्म कामदार नपठाएपछि मलेसियाले विकल्प खोजेको आकलन गरिएको थियो । मलेसियामा सुरक्षागार्डको अभाव भएपछि बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## ढिस्कोमा पुरिएर कुवेतमा ६ नेपालीको मृत्यु

**काठमाडौं/मस-**बालुवाको ढिस्कोले पुरिएर कुवेतमा ६ जना नेपाली कामदारको मृत्यु भएको छ । अरब कुवेतको अल मुत्ला क्षेत्रमा निर्माणस्थलमा बालुवाको ढिस्को खस्दा ६ जना नेपाली कामदारको मृत्यु भएको हो । चिनियाँ कम्पनीले निर्माणको जिम्मा लिएको मुत्ला सिटी प्रोजेक्टको टनेल निर्माणस्थलमा एक्कासि बालुवा र ढुंगा खसेपछि त्यहाँ काम गरिरहेका कामदारहरुको मृत्यु भएको हो । सुरुमा ४ जनाको मात्र शव फेला परेकोमा उद्धारका क्रममा थप २ जना गरी ६ जना नेपाली कामदारको ज्यान गएको हो ।अझै एकजना फेला नपरेको बताइएको छ ।

पुरिएकामध्ये ४ जनाको सकुशल उद्धार गरिएको कुवेती अधिकारीहरूलाई उद्धृत गर्दै अरब टाइम्सले समाचार लेखेको छ । मृतक नेपाली कामदारको नाम र अन्य विवरण खुल्न बाँकी पृष्ठ २ मा

## एशोशिएसनले भेट्यो पौडेल र कोइरालालाई

**काठमाडौं/मस-** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोशियसनको नवनिर्वाचित कार्यसमितिले नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल तथा केन्द्रीय सदस्य डा. शेखर कोइरालालाई भेटी वैदेशिक रोजगारका क्षेत्रमा रहेका समस्याहरु समाधानका लागि पहल गर्न आग्रह गरेको छ। एशोशिएसनको टोलीले बुधबार वरिष्ठ नेता पौडेल र डा. कोइरालालाई उनीहरुकै निवासमा पुगी भेटेको हो ।

भेटघाटका क्रममा मुलुकको अर्थतन्त्रमा वैदेशिक रोजगार व्यवसायीहरुले पठाएका कामदारले एक तिहाई भन्दा बाँकी पृष्ठ २ मा

UAE को प्रतिष्ठित कम्पनीमा महिला तथा पुरुषलाई क्लिनरमा वैदेशिक रोजगारको अवसर

1. Company : MBM CLEANING SERVICE City : DUBAI

फाइनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट प्रधान कार्यालय काठमाडौंमा फागुन ३ गते (15 Feb. 2020) मा ... फागुन ४ गते (16 Feb. 2020) मा ... (17 Feb. 2020) मा हुनेछ ।

कार्यालय शनिबार पनि खुला रहनेछ ।

पास इन्टरनेशनल प्रा. लि.

## आलोचकलाई सरकारको जवाफ

# 'नराम्रो देख्ने आँखै नराम्रा'

मध्यान्ह संवाददाता
काठमाडौं, १ फागुन



सरकारका प्रवक्ता एवं संचार तथा सूचना प्रविधिमन्त्री गोकुल बाँस्कोटाले सरकारका आलोचकहरूको प्रतिवाद गरेका छन् । उनले सरकारले गरेका काम सबै काम राम्रो भएको भन्दै सरकारको बचाउसमेत गरे ।

सरकारका निर्णय सुनाउन बिहीवार सिंहदरबारमा आयोजित नियमित पत्रकार सम्मेलनका क्रममा उनले सरकारका काम नदेख्ने आँखा नै नराम्रो भएको टिप्पणी गरे । 'सरकारले कुनै पनि नराम्रो काम एउटा पनि गरेको छैन । सरकारले राम्रा-राम्रा काम मात्रै गरेको छ। नराम्रो देख्ने आँखा नराम्रा हुन्। नराम्रो हातहरूका विषयमा पनि बोल्ने गर्छु नि मैले कहिलेकाहीँ,'बाँस्कोटाले भने ।

उनले सरकारको दुई वर्ष पुगेको अवसरमा प्रधानमन्त्रीले संसद्मा विशेष सम्बोधन गर्ने पनि बताए।उनले नेकपा सरकारमा आएपछि विधिको शासन बलियो भएको दाबी पनि गर्न भ्याए । 'रुल अफ ल' को इनडेक्समा नेपाल २ स्थानमाथि पुगेको बताए। उता भ्रष्टाचारको ११ स्थान उक्लिएर ११३ मा पुगेको भन्दै उनले यसलाई सरकारको सफलताको रूपमा व्याख्या गरे ।

भ्रष्टाचार र कुशासन भ्फाँगिएको भन्दै सरकारको आलोचना भइरहेका बेला उनले देश सुशासनको दिशामा उन्मुख भएको दाबी गरे । सुखी नेपाली संमृद्ध नेपालको कार्यक्रमले नतिजा देखिन थालेको बाँस्कोटाले दाबी गरे।

यसैबीच, मन्त्री बाँस्कोटाले विधि प्रक्रिया पुऱ्याएर आउन चौधरी ग्रुपलाई आग्रह गरेका छन् । मन्त्री बाँस्कोटाले प्रक्रिया मिचेर आउनेलाई सरकारले साथ नदिने बताए । उनले चौधरी ग्रुपको सीजी कम्युनिकेसनले ४१ जिल्लाका ५ सय ३४ गाउँमा काम गर्नेगरी लाइसेन्स लिएपनि काम नगरेको बताए । सीजी टेलिकमविरुद्ध खनिँदै उनले भने, 'उहाँहरूले युनिफाइटका लागि कति तिर्नुपर्छ मलाई थाहा छैन । कसैको १ लाख छ कसैको २५ लाख । उहाँहरूले सबै तिरेको भन्नुभएको के मा तिरेको ? उहाँहरूले ४४ करोड तिरेको देखिन्छ त्यो लिमिटेडका लागि होला । उहाँहरूले ४१ जिल्लामा काम गर्ने गरी फ्रिक्वेन्सी लिएको हो । ५ सय ३४ गाविसमा काम गर्नुपर्ने थियो । खै कहाँ काम गरेको छ ? उहाँले पूर्वशर्त अनुसार काम किन नगरेको ? '

## मन्त्रिपरिषद्का १६ निर्णय

सरकार प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बाँस्कोटाले पत्रकार सम्मेलनमार्फत मन्त्रिपरिषद् बैठकका निर्णय सार्वजनिक गरेका छन्। माघ २७ र २८ गते बसेको मन्त्रिपरिषद् बैठकले गरेका निर्णयहरू बिहीबार सार्वजनिक गरिएको हो।

१. उपनिर्वाचन सम्पन्न भएपश्चात भएको झडपमा परी घाइते भएका अछाम जिल्ला मल्लेख गाउँपालिका वडा न. ५ का गम्भीर साउद, मोहन साउद, रामबहादुर साउद र नरबहादुर साउदको उपचार तथा बिरामी कुरूवा खर्चवापत भएको २ लाख ८३ हजार ५ सय ८४ रूपैयाँ उपलब्ध गराउने निर्णय गरिएको छ।
२. थापाथली क्याम्पस (इन्जिनियरिङ्ग अध्ययन संस्थान), थापाथली, काठमाडौंलाई बी.ई. अटोमोबाइल (४८ जना) र बी. आर्किटेक्चर (४८ जना) सहितको नयाँ थप कार्यक्रम अध्ययन-अध्यापन गराउन अस्थायी स्वीकृति प्रदान गरिएको छ।
३. नेपाली सेनालाई श्रीमेहर गणको सुरक्षाजन्य कम्पोजिट लजिष्टिक बेस निर्माण गर्नका लागि बाँके जिल्लाको साविक रझेना गाविस हाल कोहलपुर नगरपालिका वडा न. २ कौशिलानगरमा रहेको बाँके राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रभित्रको मयुर मध्यवर्ती र जनएकता मध्यवर्ती सामुदायिक वनमा रहेका रूखहरू हटाउन स्वीकृत दिइएको छ।
४. तल्लो लिखु जलविद्युत आयोजनाको इन्टेक पावरहाउस सर्जसाफ्ट र पेनस्टक लगायतका स्थायी संरचनाहरू निर्माण गर्न रामेछाप र ओखलढुङ्गा जिल्लामा रहेको राष्ट्रिय वन क्षेत्रको कूलजम्मा ०.८६ हेक्टर (रामेछापको लिखुतामाकोशी गाउँपालिका-४ मा रहेको सिपुपाखा, रातामाटा सामुदायिक वनहरूसमेतको ०.७१ हेक्टर र ओखलढुङ्गाको लिखु गाँउपालिकाअर्न्तगतको ०.१५ हेक्टर राष्ट्रिय वन) जग्गा प्रयोग गर्न स्वीकृती दिइएको छ।
५. नारायणी नदीमा सञ्चालन हुने क्रुज आयोजना (पर्यापर्यटनजन्य पानीजहाज आयोजना) का लागि आवश्यक रहेको क्रुज पोर्ट (क्रुज स्टेशन) निर्माण गर्न चितवन जिल्ला भरतपुर महानगरपालिका-१६ स्थित राष्ट्रिय वन क्षेत्रको कूल एक हेक्टर जग्गा प्रयोग गर्न स्वीकृती दिइएको छ।
६. बुर्तिवाङ्ग-पहुँदीअमराई-तम्घास-गोरूसिङ्गे १३२ के.भी. प्रसारणलाइनको अर्घाखाँची खण्डको 'राइट अफ वे' सहित केही टावर संरचनाहरू तयार गर्न अर्घाखाँची जिल्लाको विभिन्न सामुदायिक वनहरूको कूल ४७.६६० हेक्टर राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिइएको छ।
७. नेपाल नागरिक उड्डयनसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गरिएको छ।
८. बिदा स्वीकृत नगराई आफ्नो कार्यालयमा अनुपस्थित रहने ११ औं तहका प्रमुख कन्सल्टेन्ट इ.एन.टि. सर्जन डा. ढुण्डीराज पौडेल, प्रमुख कन्सल्टेन्ट अर्थोपेडिक सर्जन डा. राजेन्द्र सञ्जेल क्षेत्री र प्रमुख कन्सल्टेन्ट फिजिसियन डा. विष्णुप्रसाद पौडेललाई नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा नेपाल स्वास्थ सेवा नियमावली, २०५५ बमोजिम स्वास्थ तथा जनसंख्या मन्त्रालयका सचिवमार्फत स्पष्टीकरण माग गर्ने निर्णय गरिएको छ।
९. नेपाल स्वास्थ अनुसन्धान परिषद्को सदस्य सचिव पदमा रिब्दीकोट-५, पाल्पा निवासी डा. प्रदीप ज्ञवालीलाई ४ वर्ष पदावधि कायम हुनेगरी तोक्ने र ०७३ फागुन १७ गतेको मन्त्रिपरिषद् बैठकको निर्णयानुसार कार्यकारी अध्यक्ष डा. अन्जनी कुमार झालाई तोकिएकोमा सो अधिकार फिर्ता गर्ने निर्णय गरिएको छ।
१०. नेपाल नर्सिङ परिषद्को सदस्यमा काभ्रेपलाञ्चोक निवासी भारती भेटुवाललाई चार वर्ष पदावधि रहने गरी मनोनित गर्ने निर्णय गरिएको छ ।
११. देहायका पदाधिकारी तथा व्यक्तिलाई चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको सदस्यमा मनोनीत गरिएको छ-
क) डा. जागेश्वर गौतम, निर्देशक, परोपकार प्रसुति तथा स्त्री रोग अस्पताल
ख) डा. आरपि. विच्छा, निर्देशक, कान्ति बाल अस्पताल
ग) श्री भक्तिमान सुब्बा सम्बाहाम्फे, रानीगाँउ-६, पाँचथर
घ) श्री पेम्वा लामा, हेलम्बु-२, सिन्धुपाल्चोक
१२. बालबालिका सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०७६ स्वीकृत गरिएको छ ।
१३. स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को संशोधन गर्न बनेको विधेयक संघीय संसद्समक्ष पेश गर्न स्वीकृति दिइएको छ।
१४. नेपाल प्रत्यायन (एक्रिडिटेशन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ संघीय संसद्समक्ष पेश गर्न स्वीकृति दिइएको छ।
१५. झापा जिल्ला महारानीझोडा, लखनपुर, सतासीधाम, शिवगञ्ज, धरमपुर, तोपगाछी क्षेत्रको जग्गा दर्तासम्बन्धी समितिको अध्यक्षमा शिवसतासीधाम-३, धरमपुर, झापाका श्री राधाकृष्ण खनाललाई र सदस्यमा हाल गौरादह नगरपालिका-५, झापाका श्री मदनप्रसाद अधिकारीलाई २०७७ असार मसान्तसम्म म्याद थप गर्ने निर्णय गरिएको छ ।
१६. कर्जा सूचनासम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिइएको छ ।

## प्राविधिक शिक्षा र तालीम सम्बन्धी नयाँ ऐन ल्याइने

**काठमाडौं/रासस-** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले प्राविधिक र व्यावसायिक शिक्षा तथा तालीमको थप विकास, विस्तार एवं गुणस्तर अभिवृद्धि गर्ने ध्येयले छुट्टै नयाँ ऐन ल्याउने तयारी गरेको छ । ऐनले संघीय, प्रादेशिक तथा स्थानीय सरकारका प्राविधिक शिक्षा सम्बन्धी नीतिलाई जोड्ने, लगानी अभिवृद्धि गर्ने तथा बजारको सीपयुक्त जनशक्तिको मागलाई सम्बोधन गर्न सहयोग गर्ने जनाइएको छ । सरकारले सबै स्थानीय तहमा प्राविधिक शिक्षालय बनाउने नीति लिएको छ । शिक्षामा विनियोजित करीब दश प्रतिशत बजेटमध्ये प्राविधिक शिक्षामा चार प्रतिशत मात्र विनियोजित रहेको छ। हाल श्रमबजारमा वर्षेनी पाँच लाख युवा रोजगारीमा निस्कन्छन् । तीमध्ये स्वदेशका सरकारी र निजी क्षेत्र गरी करीब एक लाखमा रोजगारी सिर्जना हुने र स्वदेशमा सीप सिकेर गएका युवालाई विदेशमा पत्याइहाल्ने अवस्था नरहेको बताइएको छ ।

सो मन्त्रालय, काठमाडौ विश्वविद्यालय स्कुल अफ एजुकेशनद्वारा 'प्राविधिक र व्यावसायिक शिक्षा तथा तालीम' विषयक बिहीबार आयोजित कार्यक्रममा मन्त्रालयका सचिव महेशप्रसाद दाहालले शिक्षा नीति २०७६ अनुसार प्राविधिक शिक्षालाई सम्बोधन गर्न नयाँ ऐन ल्याउन लागेको जानकारी दिए । उनले भने, 'प्राविधिक शिक्षा र तालीम बिना आर्थिक समृद्धि हासिल गर्न सकिदैन । युवालाई स्वरोजगार बनाउने काम सीपयुक्त तालीमले गर्छ । तीनवटै सरकारले निजी क्षेत्रको सहकार्यमा प्राविधिक शिक्षा र तालीममा लगानी बढाउनु आवश्यक छ ।'

काठमाडौँ विश्वविद्यालयका उपकुलपति प्रा डा रामकण्ठम काजु श्रेष्ठले घोकन्ते शिक्षा भन्दा सिर्जनशील र सीपयुक्त शिक्षा अहिलेको आवश्यकता रहेको औंल्याए । 'तालीम लिएर काम गर्ने ठूलो र सानो हुँदैन, कति अध्ययन गऱ्यो भन्दा कति सीप हासिल गऱ्यो भन्ने महत्वपूर्ण हुन्छ,' उनले भने । सोही मन्त्रालयका सहसचिव दीपक शर्माले समृद्ध नेपाल बनाउन प्राविधिक र व्यावसायिक शिक्षालाई थप प्रवर्द्धन गर्न आवश्यक रहेको बताए । राष्ट्रिय चिकित्सा शिक्षा आयोगका सदस्य सचिव डा हरिप्रसाद लम्सालले प्राविधिक र व्यावसायिक शिक्षा तथा तालीमका अवस्था, लगानी र अगामी कार्यसम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै प्राविधि र व्यावसायिक शिक्षा र तालीम प्रवर्द्धन गर्न मौजुदा ऐन नियमबाट धेरै कार्य सकिने बताए ।

उनका अनुसार विभिन्न मन्त्रालयले तालीम शीर्षकमा गतवर्ष रु २१ अर्ब खर्च गरेका थिए । सरकारी १८ निकायबाट लामो र छोटो गरी ८४ हजार ६५० जनाले प्राविधिक र व्यावसायिक शिक्षा तथा तालीम प्राप्त गरेका थिए । राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष प्रा डा दिनेशचन्द्र देवकोटाले राज्यले अन्य शिक्षा र प्राविधिक शिक्षाका बीचमा फरक छुट्याउन नसक्दा प्राविधिक शिक्षा पछाडि परेको हो भने । प्राविधिक र व्यावसायिक शिक्षा र तालीम विज्ञ प्रा डा राजेन्द्र अधिकारीले सरकारले प्राविधिक शिक्षामा लगानी बढाउन सुझाव दिए । कार्यक्रममा काठमाडौँ विश्वविद्यालय स्कुल अफ एजुकेशनका डिन प्रा महेशनाथ पराजुलीले बजारको मागअनुसार सीपका तालीम र शिक्षा आवश्यक रहेकोमा जोड दिए। सोही विश्वविद्यालयका स्कुल अफ एजुकेशनका कार्यक्रम संयोजक प्रा डा प्रकाश भट्टराईले विश्वविद्यालयले प्राविधिक र व्यावसायिक शिक्षा र तालीम सम्बन्धी विभिन्न तहमा उच्च शिक्षा अध्ययन गराइरहेको जानकारी दिए ।

## समायोजनमा सुस्त कांग्रेस

मध्यान्ह संवाददाता
काठमाडौं, १ फागुन

प्रतिनिधिसभाको निर्वाचनअघि नै विजयकुमार गच्छदार नेतृत्वको नेपाल लोकतान्त्रिक फोरम नेपाली कांग्रेसमा विलय भएको थियो । दुवै पार्टीबीच समायोजनका लागि समायोजन समिति पनि बनेको छ । तर, अहिलेसम्म समायोजन प्रक्रिया टुंगोमा पुगेको छैन । जसकारण कांग्रेसको निर्धारित १४ औं महाधिवेशनमा असर पर्ने देखिन्छ ।

यसैबीच, साविककै कार्यसमितिलाई संघीय ढाँचाअनुसार विभिन्न तहमा समायोजन गर्ने भनिए पनि ५२ जिल्लामा समायोजन सकिएको छैन। समायोजन टुंग्याउन नसकेका जिल्लामा केन्द्रबाटै प्रतिनिधि खटाउने भएको छ । कांग्रेसले गत साउनमा केन्द्रीय समितिबाट समायोजन निर्देशिका ल्याएको थियो। उक्त निर्देशिकाले कात्तिकभित्र सबै तहमा समायोजन गरिसक्न निर्देशन दिएको थियो।समायोजन सक्न दिएको निर्देशनअनुसार जिल्लाहरूमा काम नभएपछि केन्द्रबाटै प्रतिनिधि खटाउन लागिएको हो। कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले अहिलेसम्म २५ जिल्लामा समायोजनका काम सकिएको जानकारी दिए। उनका अनुसार,केन्द्रीय समितिले फागुन १५ भित्र समायोजनका सबै काम सक्न निर्देशन दिइसकेको छ । कांग्रेस विधानअनुसार पार्टीमा बुथदेखि केन्द्रसम्म आठ तहमा संरचना छ। केन्द्र, जिल्ला, क्षेत्र र नगररगाविसमा कार्यसमिति छन्। ती कार्यसमितिलाई संघीय संरचनाअनुसार संघीय निर्वाचन क्षेत्र, प्रदेशसभा निर्वाचन क्षेत्र, गाउँपालिका, नगरपालिका र वडाहरूमा समायोजन गर्नुपर्नेछ।

देश संघीय संरचनामा गएको लामो समय भइसक्दा पनि कांग्रेसमा पुरानै संरचनाअनुसार कार्यसमिति छ। कांग्रेसले अझै सात प्रदेशमा कार्यसमिति गठन गरेको छैन। सात सय ५३ स्थानीय तह र तीन सय ३० प्रदेशसभा क्षेत्रमध्ये अधिकांशमा कांग्रेसको कार्यसमिति छैन।

कांग्रेसले निर्वाचनमार्फत् सबै कार्यसमिति बनाउन समस्या हुने निष्कर्ष निकालेर समायोजनका लागि छुट्टै निर्देशिका बनाएर पुरानै कार्यसमितिबाट नयाँ संरचनाअनुसार कार्यसमिति बनाउने भनेको थियो । समायोजनका काम पूरा नहुँदा १४ औं महाधिवेशनको तयारीका लागि पार्टीले गर्नुपर्ने काम पनि पछि धकलिएको छ। अधिवेशन सुरू गर्नुअघि क्रियाशील सदस्यता वितरण कार्य सकिसक्नुपर्ने हुन्छ । कांग्रेसले गत पुस ११ गते १४ औं महाधिवेशनको कार्यतालिका ल्याएको थियो।

## देश समृद्धिको यात्रामा अघि बढेको छ : ऊर्जामन्त्री

**काठमाडौं/मस-** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले देश समृद्धिको यात्रामा अघि बढेको बताएका छन् । तत्कालीन विद्रोही माओवादीले युद्धको शुरुआत भएको स्थल रुन्टीगढी गाउँपालिका-९ होलेरीमा निर्माण गरिएको शान्ति स्मारक पार्कको बिहीबार उद्घाटन गर्दै उनले भने, 'देशलाई समृद्धिको बाटोमा हिडाउनु नै वर्तमान सरकारको मुख्य कार्यभार हो ।'

मन्त्री पुनले देशमा भएका परिवर्तनको जग बसाल्ने थलो होलेरी भएको उल्लेख गर्दै जनयुद्ध शुरुआत भएको २५ वर्ष पूरा हुँदैगर्दा देशको राजनीतिक परिवर्तन मात्रै नभई व्यवस्था परिवर्तन हुनुमा होलेरीको अहम् भूमिका रहेको बताए ।

विसं २०५२ फागुन १ गते होलेरीमा आक्रमण गर्दा तत्कालीन नेकपा माओवादीमा आफू युद्ध कमाण्डर भएर लडेको स्मरण गर्दै उनले मुलुक संघीयतामा गएसँगै अहिले समृद्धिका राम्रा संकेत देखा परेको बताए ।

तत्कालीन समयमा प्रहरी चौकी रहेको स्थानमा शान्ति स्मारक निर्माण गरिएको हो ।

### ओली...

प्रस्तुत गर्नेछन् । तर, जनताले भने तथ्याङ्कको उन्नती विवरण नभएर अनुभूतिमा स्थीर सरकार खोजिरहेका छन् । गएको मंसिर १४ गते सम्पन्न उपनिर्वाचनको जनादेशले पनि सरकारसँग जनता खुशी नरहेको प्रष्ट पारिसकेको छ । त्यसै पनि मुलुक परिवर्तनको सुनिश्चितता गरेको संविधानअनुसार, यो सरकार बनेको छ । नयाँ व्यवस्था सुनिश्चितता गरेको र २५ वर्ष पछाडि स्थीर सरकारको जनादेश भएकाले पनि जनताको अपेक्षा बढी छन् । यसर्थ सरकारले पनि जनताको भावना कदर गर्न अझ बढी प्रयास गर्नुपर्नेछ । पाँच वर्षे म्याण्डेट भएकाले अझै पनि जनमतको कदर गर्ने समय र अवसर भने बाँकी नै छ ।

### जनयुद्ध...

पौडेललगायतका नेताहरू भने कार्यक्रममा सहभागी थिए ।

प्रधानमन्त्री तथा अध्यक्ष ओलीसँगै सल्लाह गरेर कार्यक्रम तय भएको उनका प्रेस सल्लाहकार सूर्य थापाले जानकारी दिए। कार्यक्रममा नगएकोबारे उनले पहिलेदेखि नै प्रधानमन्त्रीको निर्धारित कार्यक्रम रहेकाले सहभागी नभएको जनाए ।

### कांग्रेसका...

कोइरालाको जिम्मेवार र परिपक्क भूमिकालाई प्रचण्डले अर्थहीन ढंगले विवादित बनाउने प्रयत्न अराजनीतिक र आपत्तिजनक रहेको शर्माले उल्लेख गरेका छन् । 'फौजी आक्रमण अलि बढाइदिनुर्पयो र सदरमुकाम हान्नुर्पयो भनेर कोइरालाले दाहाललाई यदि साँच्चै भन्नुभएको हुँदो हो त त्यो संवादको कुरा कोइराला जिवित छँदै नै दाहालले पक्कै सार्वजनिक गर्नुहुन्थ्यो। तर उहाँको निधन भएको यतिका वर्षपछि ऐतिहासिक तथ्यलाई तोडमोड गर्ने ढंगले एक जिम्मेवार नेताबाट गैरजिम्मेवार अभिव्यक्ति आउनु दुस्खद छ' प्रवक्ता शर्माले निकालेको विज्ञप्तिमा भनिएको छ।

साथै कांग्रेसले प्रचण्डलाई गिरिजाले भनेका कुरा पनि स्मरण गराएको छ । 'जिम्मेवार ढंगले कार्य गर्न कोइरालाले कुनै बेला दाहाललाई दिनु भएको सुझाव सार्वजनिक रूपले स्मरण गराउँदै जिम्मेवार अभिव्यक्तिका लागि पनि सजग गराउँदछु' शर्माले भनेका छन् । तत्कालीन माओवादी विद्रोहको शान्तिपूर्ण अवतरण गराउन कोइरालाले निर्णायक पहल गरेको कुरा पनि नभुल्न कांग्रेसले आग्रह गरेको छ । 'शान्ति प्रक्रियामा नआएको भए माओवादी समाप्त हुन्थ्यो स्वीकार्नु भएछ तर सेफल्याण्डिङको संयोजन गर्ने नेताप्रति विवादास्पद अभिव्यक्ति किन ?' शर्माले प्रश्न गरेका छन् ।

### मलेसियाले ...

भारत, पाकिस्तान र श्रीलंकाले आफ्नो देशबाट सुरक्षागार्ड आपूर्ति गर्न लविङ गरेका थिए ।

मलेसियाको विकास र औद्योगीकरणमा नेपाली सुरक्षागार्डहरूको लगन, मेहनत र इमान्दारिताले नेपालीको छवि उच्च बनाएको छ । तर नियमित रूपमा कामदार आपूर्ति गर्ने प्रक्रियामा अवरोध पुऱ्याएपछि मलेसियामा नेपाली सुरक्षागार्डको विकल्प खोज्नेबारे छलफल हुन थालेको छ । सन् १९७३ मा मलेसियाले त्यहाँका उग्र कम्युनिस्ट विद्रोहलाई साम्यपार्न ब्रिटिस सेनामा रहेका नेपाली सैनिकहरूलाई प्रयोग गरेको थियो । ब्रिटिस सेनामा रहेका नेपालीको अदम्य साहस इमान्दारिताको परिणामस्वरूप मलेसियाले सुरक्षागार्ड नेपाली मात्र प्रयोग गर्ने गरेको हो । तर पछिल्ला दिनमा नेपालबाट जाने सुरक्षागार्डमा मलेसियाले अपेक्षा गरेजस्तो बहादुरी र इमान्दारिता भएपनि सीप र तालिम नभएको गुनासो बढेको थियो ।

सुरक्षासम्बन्धी पर्याप्त तालिम नलिएका नेपाली सुरक्षागार्डहरूले देब्रेहातले सलाम गर्ने गरेको भन्दै मलेसियाका रोजगारदाताहरूले सुरक्षागार्डहरूलाई नेपालमै तालिम दिनुपर्ने माग समेत गरेका थिए । तर कामदार पठाउने प्रक्रिया नै अवरुद्ध भएपछि तालिमको विषय छायामा परेको थियो ।

गतवर्ष नेपाल र मलेसियाबीच कामदार आदानप्रदान तथा फिर्तासम्बन्धी संझौता भएलगत्तै मलेसियाको सेक्युरिटी गार्डसम्बन्धी एक संगठनका प्रमुखहरू तालिम केन्द्रबनाएर नेपाली सुरक्षागार्ड लैजाने एजेण्डासहित नेपाल आएका थिए । तर तत्कालीन मन्त्री बिष्टले तालिमको नाममा अर्को सिण्डिकेट तयार हुने भन्दै तालिम दिने कुरालाई ठाडै अस्वीकार गरेपछि मलेसियाको तर्फबाट थप प्रयास नभएको बताइन्छ ।

### ढिस्कोमा...

बाँकी छ । घटना बुधबार साँझ स्थानीय समय अनुसार करिब ५ बजे भएको हो ।कुवेतको भौतिक मामिलासम्बन्धी मन्त्री राना अल फरिसले घटनास्थल पुगेर जानकारी लिएकी छन् । उनले घटनाको वास्तविक कारण पत्ता लगाएर तत्काल सत्य-तथ्य पत्ता लगाउनछानबिन समिति गठन गर्न निर्देशन दिँदै निर्धारित सुरक्षा मापदण्डमा लापरवाही गरिएको पाइएमा कम्पनीलाई कडा कारबाही गर्ने बताएकी छन् । नेपाली दूतावासले पनि स्थलगत अध्ययन गरिरहेको बताएको छ ।

### एशोशिएसनले ...

बढीको योगदान गरिरहेको अवस्थामा यो क्षेत्रलाई समस्यामा पार्ने गरी आएका नीति निर्णय परिवर्तनका लागि नेपाली कांग्रेसले भूमिका खेल्नुपर्ने आग्रह गरिएको एशोशिएसनका अध्यक्ष नरेन्द्र प्रसाद ढकालले जानकारी दिए ।

एशोशिएसनले बुधबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर यादव, प्रमुख कांग्रेसका प्रतिनिधिसभाका प्रमुख सचेतक बालकृष्ण खाँण, कांग्रेस केन्द्रीय सदस्य गगन थापा तथा वैदेशिक रोजगार विभागका नवनियुक्त महानिर्देशक कुमार प्रसाद दहाललाई भेटी वैदेशिक रोजगार क्षेत्रमा रहेका समस्या समाधानका लागि आग्रह गरेको थियो ।

बिहीबार भएका दुबै नेताहरुसँगको भेटमा विदेशस्थित नेपाली दूतावासहरुले डिमाण्ड प्रमाणीकरणमा रहेको समस्या, फ्रि भिसा फ्रि टिकटको सरकारी निर्णयले उत्पन्न अन्योल, म्यानपावर कम्पनीको लाइसेन्स नवीकरण गर्न प्रत्येक वर्ष म्यानपावर कम्पनीहरुले अनिवार्य रुपमा सय जना कामदार वैदेशिक रोजगारीमा पठाएको हुनुपर्ने वैदेशिक रोजगार ऐन नियमावलीको व्यवस्था र दक्षिण एशियाली मुलुक सरह नेपालका वैदेशिक रोजगार व्यवसायीहरुले सेवा शुल्क पाउनुपर्ने विषयमा ध्यानकर्षण गराएको अध्यक्ष ढकालले बताए । गत शुक्रबार सम्पन्न एशोशिएसनको दशौं साधारणसभा पछिको निर्वाचनले व्यवसायी नरेन्द्र ढकालको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको थियो ।

**सत्यावती गेष्ट हाउस प्रा.लि.को हकदाबी गर्न आउने बारे ३५ दिने सूचना**

कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वरमा दर्ता भएको सत्यावती गेष्ट हाउस प्रा.लि. (प्रा.लि. नं. २४३१३) को मिति २०७६/१०/१५ को विशेष साधारणसभाले कम्पनी खारेजी गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय बानेश्वर, काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेज गरिनेछ ।
**लिक्वीडेटर: श्रीधर न्यौपाने**
**इजाजतपत्र नं. २३८, फोन नं. ९८४१४८११७४**

**सपथ इन्भेष्टमेन्ट प्रा.लि.को हकदाबी गर्न आउने बारे ३५ दिने सूचना**

कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वरमा दर्ता भएको सपथ इनभेष्टमेन्ट प्रा.लि. (प्रा.लि. नं. २४३१३) को मिति २०७६/१०/०७ को विशेष साधारणसभाले कम्पनी खारेजी गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय बानेश्वर, काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेज गरिनेछ ।
**लिक्वीडेटर: श्रीधर न्यौपाने**
**इजाजतपत्र नं. २३८, फोन नं. ९८४१४८११७४**

**मलेसियामा रोजगार** | १. कम्पनी : KPI PLASTIC (M) SDN.BHD. शहर : SELANGOR

पूर्व स्वीकृत मिति: २०७६/११/०१ चलानी नं.: ६०१५१६९८ L.T. No.: 232607

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 10 | 0 | स. कामामा दक्ष | 1100 | ३०,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : PLUSTAR TECHNOLOGY SDN.BHD. शहर : SELANGOR

पूर्व स्वीकृत मिति: २०७६/१०/२९ चलानी नं.: ६०१५१६९९ L.T. No.: 232611

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 1 | 0 | स. कामामा दक्ष | 1100 | ३०,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन ९ गते (21 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Professional Manpower Services Pvt. Ltd.**
श्रम इजाजत नं. ४३१/०६०/०६१
Tokha -10, Dhapasi, Near By Horizon Apartment Gate No 02
Gpo Box No: 8356, Kathmandu, Nepal
Phone: 01-4387247, 4388247, Email: info@pms.com.np

**UAE मा रोजगार** | कम्पनी: NRG PLASTIC MANUFACTURING L.L.C. शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०७६/११/०१ चलानी नं.: ६०१५१६७२ L.T. No.: 233009

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stevedore | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३०,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Messenger | 5 | 0 | | 1000 | ३०,९९० | | | | | | | |
| 3. | Filing Clerk | 3 | 0 | | 1000 | ३०,९९० | | | | | | | |
| 4. | Factory Worker | 2 | 0 | | 900 | २७,८९० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन ९ गते (21 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**MITHILA INTERNATIONAL SERVICE PVT. LTD.**
P.O.Box No.: 11016, EPC 174, Tilganga-9, (Near Tilganga Hospital), Gaushala, Kathmandu, Nepal
Tel: 9813828296, 9803055121, 9851024839
E-mail: anjulayadav@hotmail.com, info@mithilagroup.com, Url: www.mithilaintlgroup.com

## समितिमा सांसद्हरुको माग

# ‘सेनाभित्र भएको भ्रष्टाचारको छानविन गर्न पाउनुपर्छ’

**काठमाडौं/मस-** नेपाली सेनाभित्र हुने भ्रष्टाचारको राज्य व्यवस्था तथा सुशासन समितिले छानविन गर्न पाउनुपर्ने माग समितिमा उठेको छ। सेनाभित्रको भ्रष्टाचारले लोकतन्त्र नै खतरामा परेको उल्लेख गर्दै सांसद्हरुले समितिमा छलफल गरी छानविन गर्नुपर्ने माग गरेका हुन्।

सांसद् अमरेशकुमार सिंहले सेनाभित्रको भ्रष्टाचार सुशासन अन्तर्गत पर्दैन भनेर नुहने र यो विषयमा समितिमा बृहत छलफल हुनुपर्ने बताए। उनले सेना सुरक्षा निकाय हो कि ठेक्का पट्टा गर्ने निकाय भन्दै प्रश्न समेत गुरे। ‘आर्मी सुरक्षा निकाय हो कि ठेक्का पट्टा निकाय हो ? कि भोजभतेर गर्ने निकाय हो ? कि मेडिकल चलाउने निकाय हो ?’,उनले प्रश्न गरे। उनले अख्तियारले कुन उजुरीमा कुन मापदण्ड बनाएर मुद्दा दायर गर्छ त्यो विषयमा समितिमा जानकारी गराउनुपर्ने बताए।

समितिले गठन गरेको उजुरी तथा गुनासो सुनुवाई उपसमिति सदस्य रेखा शर्माले समितिमा नेपाली सेनाको विविध सेवा नियमाली सम्बन्धी सांसद् रेनुका गुरुङले समितिमा उजुरी दिएको बताइन्। उनले सैनीक हवाई सेवा र लेखा समूहका बुढा तथा व्यक्ति विकासका लागि २०७४ फागुन १४ गते उल्लेखित सैनीक योग्यताको मापदण्डलाई सैनिक अधिकारीहरुले आ–आफ्नो तरिकाले ब्याख्या गर्दा कर्मचारीहरुको वृद्धिविकासमा बाधा पुगेको बताइन्। शर्माले सांसद् गुरुङले २०७५ भाद्र २१ गते दिएको उजुरीमा सम्पत्ति छानविन गर्ने सम्बन्धमा बहालवाला सेनालाई पनि अख्यितारको दायरभित्र ल्याउन माग गरिएको बताइन्।

उपसमिति सदस्य नवराज सिलवालले धेरै उजुरीहरु सम्बन्धित निकायले हेर्नुपर्ने भनेर बोधार्थ आएको उल्लेख गर्दै सम्बन्धित निकायमा पठाएको बताए। राष्ट्रिय अनुसन्धान विभागसँग सम्बन्धित उजुरीहरु गम्भीर रहेको उल्लेख गर्दै सिलवालले कुनै आपराधिक घटना, विस्फोटको घटनाका विषयमा सम्बन्धित निकायमा सूचना दिने गरिएको भएपनि कारवाही गर्नुपर्ने निकायले कारवाही नगरेको बताए। समितिले निर्देशन दिएपनि नेपाल प्रहरी र गृहमन्त्रालयले कुनै प्रतिक्रिया नदिने गरेको उनको



गुनासो थियो। उनले गृहमन्त्री, गृहसचिव र अनुसन्धान विभाग प्रमुखलाई बोलाएर तत्काल समितिमा छलफल गर्नुपर्ने बताए।

सांसद् विजय सुब्बाले नेपाल रेडक्रस सोसाइटीमा देखिएको भ्रष्टाचार राजनीतिक दल र मन्त्रालयकै कर्मचारीहरुको सेटिङका कारण छानविन गर्न नसकिएको बताए। समितिमा मुद्दा दर्ता भएको लामो समय हुँदा समेत सुनुवाई नभएको प्रति उनले गुनासो गरे। रेडक्रसका विषयमा सर्वोच्च अदालतका न्यायाधीश, सरकारी वकिल, नेताहरु नांगिदापनि सुनुवाई हुन नसकेको उनले बताए। उनले गृहमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार आफै नै सेटिङमा लागेर भ्रष्टहरुको पक्षमा काम गर्ने गरेको आरोप समेत लगाए।

‘गृहमन्त्री आफैले बुझ्नुभएको छ। तर उहाँलाई सल्लाह दिने सल्लाहकार आफै त्यो सेटिङमा लागेर भ्रष्टहरुको पक्षमा काम गर्छन्। गृहमन्त्रीलाई भनेकै हो तपाईका प्रमुख सल्लाहकारले तपाईलाई ‘मिस गाईड’ गर्दैछन् भनेर’, उनले भने, ‘बजारमा महान्यायाधीवक्ता, न्यायाधीशहरुले २५ लाख खाएको हल्ला छ। सबैले पैसा खाएका छन्।’ सत्तापक्ष र प्रतिपक्षी दलका नेताहरुको मिलेमतोका कारण रेडक्रस धरासायी बन्दै गएको आरोप उनले लगाए।

समिति सभापति शशी श्रेष्ठले प्रतिवेदनमा उल्लेख भएका कुराहरु कार्यान्वयन गर्न सकिन्छ कि सकिँदैन भनेर प्रश्न उठाउनु भन्दा पनि दृढतापूर्वक काम गर्न अगाडि बढ्नुपर्ने बताइन्। कार्यान्वयन गर्नकै लागि समिति बनेको उल्लेख गर्दै सभापति श्रेष्ठले समितिलाई प्राथमिकताका साथ समय दिन पनि सदस्यहरुलाई आग्रह गरिन्। उनले कुनै पनि अपराधिको रंग, वर्ण र वर्ग नहुने उल्लेख गर्दै राम्रोलाई मात्र आफ्नो मान्छे ठन्नुपर्ने प्रवृत्ति अंगाल्नुपर्ने बताए। ‘अपराधिको कुनै रंग, वर्ग हुँदैन। अपराधि अपराधि नै हो। त्यसैले हामीले राम्रो मान्छेलाई हाम्रो मान्छे ठान्नुपर्‍यो, हाम्रो मान्छे राम्रो मान्छे भन्नुभएन। यो ढंगबाट निर्ममतापूर्वक समिति जाने हो भने असम्भव भन्ने केही छैन।’

समिति गठन भएदेखी विभिन्न विषयमा ५० भन्दा बढी उजुरी परेका छन्। समितिले उजुरीहरुमाथि छानविन गर्न करिब ८ महिना अघि उजुरी तथा गुनासो सुनुवाई उपसमिति गठन गरेको थियो। उपसमितिमा शर्मा र सिलावालसँगै दिलेन्द्रप्रसाद बडु सदस्य रहेका थिए। उपसमितिले समितिलाई बिहीबार आफ्नो प्रतिवदेन बुझाएको छ।

## विप्लव समूहका विद्यार्थी अध्यक्ष ढकाल पक्राउ



**काठमाडौं/मस-** प्रतिबन्धित नेत्रविक्रम चन्द ‘विप्लव’ समूहको विद्यार्थी संगठन अखिल क्रान्तिकारीका केन्द्रीय अध्यक्ष चिरञ्जीवी ढकाल पक्राउ परेका छन्। महानगरीय अपराध महाशाखाको टोलीले काठमाडौंको असनबाट उनलाई पक्राउ गरेको हो। ढकाल यसअघि पनि पक्राउ परेर रिहा भएका थिए।

महाशाखाका एसएसपी सहकुल थापाले ढकालसँगै अन्य तीनजना पनि पक्राउ परेको जानकारी दिए। पक्राउ पर्ने अन्यको परिचय भने खुलाइएको छैन। उनीहरुलाई परिसर काठमाडौंमा राखेर अनुसन्धान शुरु गरिएको प्रहरीले जनाएको छ।

त्यस्तै विप्लव समूहका प्रदेश कमिटी ब्यूरो सदस्य धनुषाधामका साहस भनिने इन्दल साहलाई सप्तरी प्रहरीले बिहीबार नै सुरुङ्गा नगरपालिका-६ बाट पक्राउ गरेको छ। हत्या, ज्यान मार्ने उद्योग, बम विष्फोट, सङ्गठित अपराधलगायतका घटनामा प्रहरीको मोस्टवाण्टेड सूचीमा रहेका साहलाई चन्दा संकलनका लागि सप्तरीको सुरुङ्गा गएको बेला पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

धनुषाको क्षिरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगरस्थित राजेश साहको घरमा मङ्सिर २७ गते राति १२:१० बजे भएको बम बिष्फोटलगायतको घटनाका मुख्य योजनाकारका रुपमा साह प्रहरीको मोस्टवान्टेड सूचीमा थिए। उक्त बम विस्फोटमा परी इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा कार्यरत प्रहरी निरीक्षक अमिरकुमार दाहाल, घरधनी राजेश साह र निजका छोरा आनन्दकुमार साहको मृत्यु भएको थियो। बम विस्फोटमै परेर राजेशका बुबा भिखारी साह, राजेशका अर्का छोरा प्रकाश साह, राजेशकी छोरी अञ्जली साह, छिमेकी अकवर मन्सुर, सकिला खातुन, निक्की साह र प्रहरी जवान रिजनाथ महतो घाइते भएका थिए।

घटनापछि मुख्य योजनाकार मानिएका साह धनुषा प्रहरीबाट जोगिन सप्तरी खटिएका थिए। सप्तरीमा चन्दा संकलनमा खटिएको जानकारी पाएको सप्तरी प्रहरीले साहलाई सुक्ष्म निगरानीमा राखेको थियो। इलाका प्रहरी कार्यालय कडरबोनाले साहलाई पक्राउ गरी बिहीबार जिल्ला प्रहरी कार्यालय धनुषा बुझाएको प्रहरी निरीक्षक रामराजा केशरीले जानकारी दिए।

## संसारकै तेज स्मरण शक्तिमा कालिकोटका विजयको रेकर्ड

**काठमाडौं/मस-** कालिकोटको दुर्गम गाउँमा जन्मिएका विजय शाहीले ‘च्याम्पियन्स बुक अफ वल्ड रेकर्डस्’ मार्फत विश्व कीर्तिमान कायम गर्न सफल भएको छन्। १९ वर्षको उमेरमै संसारकै सबैभन्दा चाँडो उल्टो/सुल्टो नम्बर स्मरण गर्दै विश्व कीर्तिमान कायम गरेका हुन्। उनले १ मिनेटमा ७० शब्दको रेकर्ड कायम गरेका हुन्।



शाहीले पुन: ३० सेकेन्डको रेकर्ड पनि बनाउन सफल भएका छन्। शाहीले आफ्नो अर्को रेकर्ड ३० सेकेन्डमा १०२ शब्द स्मरण गर्दै उल्टो सुल्टो र क्रमबद्ध याद गरेर पनि विश्व रेकर्ड बनाउन सफल भएको बताइएको छ। उनले विश्व रेकर्ड कायम गरेसँगै उनलाई सुर्खेत विरेन्द्र नगरपालिकामा भव्य अभिनन्दन सहित स्वागत गरिएको थियो।

नगरपालिकाका मेयर देव कुमार सुवेदी लगायत स्थानीयवासीले भव्य स्वागत गरेका थिए। बाल्यकालमा खासै तेज दिमाग नभए पनि अहिले उनले कलेज टप हुँदै एम.बी.बी.ए (डाक्टर)को किताब समेत लेखिसकेको बताएका छन्। उनले मार्च १४ मा रिसर्चका लागि अमेरिकाको नासा जाने तयारी गरेको समेत बताएका छन्। उनले फोल्डर बनाउने याद गर्न सक्ने लाखौंलाई टिप्स दिने समेत बताएका छन्।

## सरकारको काम हेरेर जनताले पश्चताप गर्न थाले : डा. महत

**काठमाडौं/मस-** प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा पूर्व अर्थमन्त्री डा. रामशरण महतले वर्तमान सरकारले चुनावमा गरेका वाचा पूरा नगरेकोमा जनतालाई अहिले पश्चताप भएको बताएका छन्। बिहीबार रिपोर्टर्स क्लब नेपालले आयोजना गरेको विशेष साक्षात्कारमा बोल्दै नेता महतले भने, ‘सरकारले यो दुई वर्षमा जनतामा पूरै निराशामात्रै पैदा गरेको छ, सरकारले काम गर्न नसक्दा जनताले पनि अहिले पश्चताप गर्न थालेका छन्। सरकारले हाई-फाईमात्रै देखायो, पब्लिसिटी र स्टन्टमात्रै देखायो, उसले अधिनायकवादी स्वरुप देखाएको छ।’

नेता महतले यो सरकार गठन गर्दै गर्दा जनतामा यसले निकै आशा र महत्वकांक्षा जगाएको सुनाए। उनले भने, ‘चुनावमा कम्युनिष्टहरुले महत्वकांक्षी योजना र आशा जगाएका थिए, त्यही भएर उनीहरुले बहुमत ल्याए। तर, कम्युनिष्टहरु प्रोपागाण्डा र प्रचार गर्न सिपालु हुन्छन्। उनीहरुसँग महत्वकांक्षा पूरा गर्ने क्षमता पनि छैन। यो सरकारले पूरा हुनै नसक्ने लक्ष्य देखाएको थियो। सुरुमै आवश्यकत्ता भन्दा पनि महत्वकांक्षी लक्ष्य लिएको थियो। तर, उसले पूरा गर्न सक्ने कुरा पनि पूरा गर्न सकेन। अहिले देशमा सुशासनको अभाव छ।’

उनले अर्थमन्त्री डा. युवराज खतिवडाले हिजो बजेटको अर्ध वार्षिक समीक्षा गर्दा पनि बजेटका लक्ष्यहरु रिभाईज गरेको सुनाए। उनले भने, ‘हिजो बजेट ल्याउँदाखेरि पनि मैले लक्ष्य हाँसिल गर्न नसकिने कुरा छन् भनेर बोलेको थिएँ। हिजोको समीक्षापछि राजश्व घटाइएको छ, विकास खर्च घटाइएको छ। पछिल्लो ५ महिनामा ११ प्रतिशतभन्दा बढि पुँजीगत खर्च हुन सकेको छैन।’



आफूले सुरुमै यो बजेटमा व्यवहारिक कुरा भन्दापनि प्रोपागाण्डा बढी रहेको कुरा बताएको उनले स्मरण गराए।

त्यस्तै, उनले नेपाल सरकारले घोषणा गरेको नेपाल भ्रमण वर्ष-२०२० पनि कामभन्दा बढी हल्ला गरिएको आरोप लगाए। उनले भने, ‘२० लाख पर्यटक भित्र्याउने भनेर घोषणा गरियो, तर कामभन्दा बढी त प्रोपागाण्डा गरियो, यसो गरेर लक्ष्य पूरा हुँदैन। पूर्वाधार विकासमा हामीले ध्यान दिएनौं। भ्रमण वर्षको उद्घाटन गर्दा केन्द्रमा राष्ट्रपतिलाई लगेर कार्यक्रमको शुभारम्भ गरियो, त्यस्तै प्रदेशमा पनि तामझाम गरियो, यो गलत थियो।’ विगत वर्षका सुरुवातमा भन्दा यो वर्षमा पर्यटकको संख्या घटेको उनको टिप्पणी छ।

सरकारले आर्थिक वृद्धिद्धर पनि दुई अंकको हाँसिल गर्छु भनेर घोषणा गरेको कुरामा उनले गुनासो पोखे। उनले भने, ‘यो भनेर हुने कुरा होइन, यो त अनुमान गर्ने कुरा हो। तर सरकारले यति नै प्राप्त गर्छु भनेर भन्नु भनेको तल्लो स्तरमा प्रभावमा पारेर तथ्यांक बढाई देखाउनु हो। यो गलत कुरा हो। यसअघि ६/७ प्रतिशतले आर्थिक वृद्धि हुँदा भुकम्पपछिको पूनर्निर्माण र कृषिमा राम्रो उत्पादन हुँदा हाँसिल भएको थियो।’ पछिल्लो समय नेपालमा औद्योगिक क्षेत्रले कुल ग्राहस्थ उत्पादनमा ५ देखि ६ प्रतिशमात्रै योगदान पुर्‍याएको उनको भनाइ छ।

त्यस्तै, उनले मेलम्ची खानेपानी आयोजना र अपर तामाकोशी आयोजनाका काममा पनि ढिलाई भइरहेको बताए। उनले भने, ‘यी आयोजनाका कामहरुमा ढिलाई भइरहेका छन्। जसले गर्दा आयोजना खर्च पनि झन् झन् बढेको छ। राष्ट्रिय गौरवका आयोजनामा यसरी ढिलासुस्ती गर्नुहुँदैन। यसले गर्दा अनुमानित खर्च बढेको छ।’

उनले पछिल्लो समय जतातत्तै भ्रष्टाचार बढेको पनि आरोप लगाए। उनले भने, ‘मेलम्ची आयोजनाबाट विदेशी ठेकेदारले हात झिक्नु यसकै उदाहरण हो। हजारौं विकास निर्माणका आयोजनाहरु अहिले अलपत्र परेका छन्। खानेपानी, सडक, सिचाँई र पुल निर्माण लगायतका आयोजनाहरु अहिले अलपत्र परेका छन्। केन्द्र र प्रदेशले यी आयोजनाहरुको जिम्मा लिएका छैनन्। जुन गतिमा विकास निर्माणका काम हुनुपर्दथ्यो, ती अहिले भएका छैनन्।’

## करेन्ट लागेर ६ वर्षीया बालिकाको मृत्यु

**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, १ फागुन



कपिलवस्तु जिल्लाको मायादेवी गाँउपालिका वडा नम्बर २ मा एक बालिकाको करेन्ट लागेर मृत्यु भएको छ। मायादेवी गाँउपालिकाको गंगापुर (भैसकुन्डा) का बिजय कुमार पासीकी ६ वर्षीया छोरी कुसुम पासीको करेन्ट लागेर मृत्यु भएको हो।


कुसुम स्थानीय श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालयमा कक्षा १ मा अध्ययनरत थिइन्। घरबाट विद्यालय जाने क्रममा स्थानीय मौलाना कायुम मुसलमानको निर्माणाधीन घरमा रहेको हेन्ड पम्पको हेन्डल छुँदा करेन्ट लागेर उनको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

उक्त हेन्ड पम्पमा जडान रहेको विद्युतीय मोटरबाट करेन्ट पम्पमा सप्लाई भई करेन्ट लागेको अनुमान गरिए पनि आधिकारिक पुष्टी हुन सकेको छैन। प्रहरीले घटनाको थप अनुसन्धान गरिरहेको बताइएको छ। सो घटनापछि उक्त गाउँ र ती बालिका पढ्ने विद्यालयमा शोक छाएको छ। ती बालिका पढ्ने विद्यालयले एक बिज्ञप्ति जारी गरी समबेदना व्यक्त गरेको छ।

तालिमको सुवर्ण अवसर
Star Level को होटेल तालिम भर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने।
हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖Care Giver ❖Montessori तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाइन्छ। मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ।
HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com

होटल तालिम !
मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ।
Get your skill for your future carrier

✓ HK
Cleaners/House Keeping/ Laundry man, Room boy
✓ KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook
✓ F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.
✓ FRONT DESK, RECEPTION
रोजगारी पनि भविष्य पनि
■ स्वदेशमै होस कि विदेशमा
■ स्वरोजगार वा वैदेशिक रोजगार
■ तपाई सीप सिक्नुहोस्
■ अवसर र उपाय हामी खोजी दिन्छौं।
NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस्।
कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.

G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# कोरोनामा हेलचेक्र्याइँ नगर

कोरोना भाइरस (विश्व स्वास्थ्य संगठनले दिएको औपचारिक नाम कोभिड–१९) ले विश्व नै आतंकित बनेको छ । यसको उद्‍गमस्थल राष्ट्र चीनले संक्रमण नियन्त्रणबाहिर जानसक्ने खतरातर्फ संवेदनशील बन्दै उच्च सतर्कता अपनाइरहेको छ । संक्रमणको इपिसेन्टर वुहानमा सार्वजनिक यातायात बन्द गरेर थालिएको सतर्कतालाई चीनले सम्भव भएसम्मका हतकण्डा अपनाएर बढाउँदै लगेको छ । १० दिनमा भीमकाय अस्पताल ठड्याउने विषय हाम्रो सपनाको कुरा हो । तर, चीनले नियन्त्रणकै लागि अलग्गै अस्पताल बनाएर प्रशंसनीय कार्य गरिरहेको छ ।


त्यसैले चिनियाँ प्रयत्नको चौतर्फी प्रशंसा भइरहेको छ । 'विश्व स्वास्थ्य आपतकाल' घोषणा गरेको विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) स्वयंले चीनको प्रशंसा गरिरहेको छ । अमेरिकालगायतका देशले संकटका बेला सहानुभूति प्रकट गर्न कन्जुस्याइँ गरेको भन्दै चीनले चित्त दुखाएको छ । तैपनि अमेरिकालगायतका चीनप्रति अनुदार मानिने देशले रोग नियन्त्रणको चिनियाँ संयन्त्रप्रति मुख फोरेर कमजोरी औंल्याउन सकेका छैनन् । तैपनि चीनका लागि कोरोना संक्रमण पेचिलो बनेर खडा भएको छ । चाइना मर्निङ पोस्ट्का अनुसार, उपचारमा संलग्न चिकित्सकसहित १५ सय बढीको प्राण कोरोनाले लिइसकेको छ । त्यहाँ अझै ५० हजारभन्दा बढी संक्रमित रहेको समाचार प्रकाशमा आइरहेका छन् । संक्रमणदर बढिरहेकाले अझै कति यसको पासमा पर्ने हुन्स यकिन छैन । यहाँनिर हङकङको पब्लिक हेल्थ मेडिसिनका प्रोफेर गेब्रियल लेउको भनाइ मननीय हुन्छ । उनले बिहीबारमात्रै कोरोना भाइरसको रोकथाम विधि असफल भएमा विश्वभरका साढे चार करोड मानिसको मृत्यु हुने भन्दै विश्व समूदायलाई सचेत गराएका छन् । कोरोनाको मृत्युदर घटेर १ प्रतिशतमा झर्दा पनि यति ठूलो मानववीय क्षति हुने उनको आंकलन छ ।

चीनजस्तो शक्ति र सुविधासम्पन्न देशलाई हायलकायल र त्रसित बनाउने कोरोना भाइरस कम आँक्ने विषय किमार्थ हुँदै होइन । अझै हाम्रोजस्तो कमजोर स्वास्थ्य सेवा भएका देश यसप्रति सतर्क र चनाखो हुनैपर्छ । सरकारले कोरोना भित्रिन नदिन सतर्कता अपनाएको बताए पनि व्यवहारमा त्यस्तो देखिएको छैन । पहिलो त रोकथामको उपाय अपनाउनेतर्फ नै उसले ढंग पुर्‍याएको छैन । संक्रमण फैलन सक्ने भएपछि अमेरिका, अष्ट्रेलिया, इटलीलगायतका देशले उच्च सतर्कता अपनाएका छन् । चीनबाट आउने पर्यटकमाथि प्रतिबन्ध लगाइएको छ भने त्यहाँ रहेका नागरिकलाई फर्काएर क्वारेन्टाइनमा राखिएको छ ।

चीनभन्दा धेरै परका राष्ट्रले अपनाएको यो विधि हामीले अपनाउनुपर्ने थियो । तर सरकार प्रायः निदाएर बसेको अनुभूति पीडित र सरोकारवालाहरूले गर्न थालेका छन् । एक तथ्यांक अनुसार, कोरोना संक्रमण सुरू भएपछि पनि यसको इपिसेन्टर चीनबाट पर्यटकहरू त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै भित्रिरहेका छन्, सामान्य रूघाखोकी परीक्षण गरेर । यो लापरबाहीको पराकाष्ठा हो । यसको जति नै निन्दा र आलोचना गरे पनि कम हुन्छ । आफूलाई जिताएर सत्ताको साँचो सुम्पिएका जनताप्रति नेकपा सरकार जिम्मेवार छ भने उसले विमानस्थलसँगै रोग भित्रिन सक्ने नाका तथा स्थानहरूमा निगरानी बढाउन अब बियालो गर्न हुँदैन । सिन्धुपाल्चोकको जुगल गाउँपालिकाको गुम्बाबस्तीका १ सय बढी स्थानीयमा कोरोनाको संक्रमणसँग मिल्दोजुल्दो लक्षण देखिएको स्वास्थ्यकर्मीले बताएका छन् ।


